अनुसूची– १६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

हिम लाल

# श्री गोगनपानी सामुदायिक वन उपभोक्ता समूह

बंगलाचुली गाउँपालिका वडा नं. ८, हांसिपुर, दाङ

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

### प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०१/०८

श्री गोगनपानी सामुदायिक वन उपभोक्ता समूह बंगलाचुली गाउँपालिका वडा नं.-८, हांसिपुर, दाङको वनबाट उत्पादित बंगलाचुली गाउँपालिका वडा नं.-८, तिनपोखरी, दाङमा घाट्गद्दी गरी राखिएको तपशिलको लटको परिमाणको गोलिया काठ, दाउरा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ/ संस्था, फर्म वा कम्पनीले यो सूचना नयां युगबोध राष्ट्रीय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २२ (बाईसौं) दिन भित्र शिलबन्दी बोलंपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपसिल

वन पैदावारको विवरण:

| वन पैदावारको विवरण | | | | | | न्यूनतम | | काठ/ दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | दररेट | मूल्य (रु) | |
| १ | साल | गोलिया | A | २ | २५.४ | १२५०.०० | ३१७५०.०० | संकलन खर्च प्रति क्यू.फि. रु. १५०।- का दरले जम्मा रु. १,७७,२१०।- र दाउराको प्रति चट्टा ११०००।- का दरले रु. ८५,८००।- गरी जम्मा रु. २,६३,०१०।- |
| | | | B | २९ | २१७.९८ | ९००.०० | १९६१८२.०० | |
| | | | C | ९१ | ३९७.६८ | ६००.०० | २३८६०८.०० | |
| | असना | गोलिया | A | १५ | १९६.६९ | ४००.०० | ७८६७६.०० | |
| | | | B | १३ | ११९.१४ | ३००.०० | ३५७४२.०० | |
| | | | C | ६ | ३७.०३ | १००.०० | ३७०३.०० | |
| | खोटेसल्लो | गोलिया | A | १ | १५.५ | २५०.०० | ३८७५.०० | |
| | | | B | ५ | ४९.२५ | १५०.०० | ७३८७.५० | |
| | जामुन | गोलिया | A | ६ | ७०.५६ | ४००.०० | २८२२४.०० | |
| | | | B | ३ | १७.७१ | ३००.०० | ५३१३.०० | |
| | | | C | ५ | २४.९ | १००.०० | २४८६.०० | |
| | वैदारो | गोलिया | NA | २ | ९.६० | १००.०० | ९६०.०० | |
| | काठको जम्मा | | | १७८ | ११८१.४० | | ६३२९०६.५० | |
| | साल | दाउरा (चट्टा) | | | ४.८ | १२०००.०० | ५७६००.०० | |
| | अन्य | | | | ३.० | ४०००.०० | १२०००.०० | |
| | दाउराको जम्मा | | | | ७.८ | | ६९६००.०० | |
| कुल जम्मा | | | | | | | ७०२५०६.५० | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३/०१/२८ गते ।

हिम लाल

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय
(क) अन्तिम मितिः २०८३/०१/२९ (ख) समय १२.०० बजे सम्म ।

३. बोलपत्र साथ कबुल गरेको रकमको १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको कृषि विकास बैंक घोराहीमा रहेको खाता नं. ०९११९४०००४२२०६९०१६ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम प्रति लटको रु. १०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरि यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस गोगनपानी सामुदायिक वन उपभोक्ता समूहको बंगलाचुली गाउँपालिका वडा नं.-८, तिनपोखरी, दाङमा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डि.व.का. मा फर्म सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारीत न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/०१/२९ गते यस समूहको कार्यालयमा दिनको २.०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्दी कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधि भित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समुहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

### बालविवाह न्यूनीकरण

# तथ्यांक घटे पनि चिन्ता यथावत

❑ बुद्धि पुन



सल्यान, ७ वैशाख । समाजको भविष्य बोकेका किशोरकिशोरीहरूको जीवनलाई गम्भीर असर पार्ने बालविवाह, किशोरावस्थामा गर्भधारण र विद्यालय छाड्ने प्रवृत्ति रोक्नेबारे बहस शुरु भएको छ ।

यही सन्दर्भमा सल्यानको सदरमुकाम खलंगामा सोमबारदेखि दुईदिने कार्यशाला शुरु भएको छ, जसले स्थानीय तहदेखि नागरिक समाजसम्मलाई एकै थलोमा उभ्याउँदै समाधानको बाटो खोज्न प्रेरित गरेको छ । आईपास नेपालको सहयोग, दलित विकास समाज सल्यानको सहकार्य र शारदा नगरपालिकाको आयोजनामा शुरु भएको उक्त कार्यशालामा बालविवाह रोकथाम, किशोरावस्थाको संवेदनशील अवस्था, शिक्षा निरन्तरताको चुनौतीलगायतका विषयमा व्यापक छलफल भइरहेको छ । कार्यशालाले केवल समस्या औंल्याउने मात्र होइन, समाधानका उपायहरू पहिल्याउने लक्ष्य पनि लिएको आयोजकको भनाइ छ । सहभागीहरूले सामाजिक चेतनाको अभाव, आर्थिक अवस्था, परम्परागत सोच र कानुन कार्यान्वयनको कमजोरी बालविवाहका प्रमुख कारणका रूपमा औंल्याएका छन् ।

शारदा नगरपालिकाले बालविवाह न्यूनीकरणका लागि पञ्चवर्षीय रणनीति बनाएर कार्यान्वयनमा ल्याएको भए पनि अपेक्षित उपलब्धि हासिल हुन नसकेको तथ्यांकले देखाउँछ । नगरपालिकाका अनुसार आर्थिक वर्ष २०७८/०७९ मा २० वर्षमुनिका २६५ किशोरी र १७ किशोर गरी २८२ जनाले बालविवाह गरेका थिए । यस्तै, आर्थिक वर्ष २०७९/०८० मा २३७ किशोरी र १६ किशोर गरी २५३ जना बालविवाहमा संलग्न भए भने आर्थिक वर्ष २०८०/०८१ मा पनि २०१ किशोरी र २१ किशोर गरी २२२ जनाले कम उमेरमै विवाह गरेका छन् । तथ्यांकमा केही कमी देखिए पनि समस्या जरोसहित अन्त्य हुन नसकेको स्पष्ट हुन्छ ।

कार्यशालाको उद्घाटन गर्दै शारदा नगरपालिकाका नगरप्रमुख प्रकाश भण्डारीले बालविवाह जस्तो गम्भीर सामाजिक समस्यालाई अन्त्य गर्न सबै पक्षको साझा पहल आवश्यक रहेको बताउनुभयो । ‘नीति र योजना बनाउनु मात्र पर्याप्त हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयन र समुदायस्तरमा व्यवहारिक परिवर्तन अपरिहार्य छ’- उहाँले भन्नुभयो- ‘बालविवाह अन्त्यका लागि परिवार, समाज र राज्य तीनै तहले जिम्मेवारीपूर्वक काम गर्नुपर्छ ।’ उहाँले किशोरकिशोरीलाई शिक्षा, स्वास्थ्य र आत्मनिर्भरतातर्फ उन्मुख गराउने वातावरण निर्माण गर्न स्थानीय सरकारले विभिन्न कार्यक्रम अघि बढाएको पनि जानकारी दिनुभयो । तर यस्ता प्रयासलाई समुदायको सक्रिय साथ र सचेतनाले मात्रै सार्थक बनाउन सकिने उहाँको भनाइ छ । कार्यशालामा नगरउपप्रमुख सुस्मिता सापकोटा सुनार, नगर प्रवक्ता तथा वडा नम्बर ११ का अध्यक्ष राजेशकुमार शर्मा, वडा नम्बर ७ का अध्यक्ष लीला बहादुर रोका, वडा नम्बर १५ का अध्यक्ष लोकमान बुढाथोकीलगायत नागरिक समाजका प्रतिनिधि, किशोरकिशोरी, सामुदायिक र सरोकारवालाको सक्रिय सहभागिता देखिएको छ ।

दुई दिनसम्म चल्ने यस कार्यशालाबाट निस्कने निष्कर्ष र सुझावहरूले आगामी दिनमा बालविवाह न्यूनीकरणका प्रयासलाई थप सशक्त बनाउने अपेक्षा गरिएको छ । समाज रूपान्तरणको यात्रामा यस्ता पहलहरू प्रभावकारी बन्न सके, किशोरकिशोरीहरूको भविष्य सुरक्षित र उज्यालो बन्ने विश्वास छ ।

## नागरिक समाजको सदस्यता खुला

घोराही, ७ वैशाख (युस)- नागरिक समाज दाङले सदस्यताका लागि आवेदनपत्र भरी समाजमा पेश गर्न सकिने निर्णय गरेको छ ।

समाजका संयोजक नीमबहादुर थापाको अध्यक्षतामा सोमबार घोराहीमा बसेको बैठकले कुनैपनि राजनीतिक दलमा आबद्ध नभएको र बहालवाला राष्ट्रसेवक कर्मचारी बाहेकका नेपाली नागरिकले समाजले उपलब्ध गराएको आवेदन फाराम पेश गर्न पाउने निर्णय गरेको हो । यसैगरी समाजले रुग्ण उद्योगलाई सञ्चालन गर्ने नेपाल सरकारको निर्णयलाई स्वागत गरेको छ । यसैगरी आगामी बजेटमार्फत नयाँ-नयाँ उद्योग स्थापना गर्न आग्रह गरेको छ ।

यस्तै नेपालको संविधान २०७२ संशोधन गर्न सरकारले बहसपत्र प्रकाशन गर्ने एकसय कार्यसूचीमा समाज दाङको तर्फबाट पनि सुझाव पेश गर्न समिति गठन गरेको छ । समितिको संयोजकमा न्याय परिषद् का पूर्वसदस्य वरिष्ठ अधिवक्ता पदम वैदिक रहनुभएको छ । सदस्यहरुमा पूर्व प्रशासक अभिवक्ता हरिप्रसाद पाण्डेय, नेपाल बार एसोसिएसन दाङका अध्यक्ष अधिवक्ता गोमा महरा रहनुभएको छ ।

# घटनाबारे लमही नगरपालिकाको स्पष्टोक्ति

**युगबोध समाचारदाता**

देउखुरी, ७ वैशाख । लमही नगरपालिकाको बा २ झ ४२०१ नम्बरको गाडी दुर्घटनापछि उठेको विवाद र सार्वजनिक चासोका बीच नगरपालिकाले प्रेस विज्ञप्ति जारी गर्दै घटनाबारे आफ्नो धारणा सार्वजनिक गरेको छ ।

नगरपालिकाले केही समयदेखि सामाजिक सञ्जाल तथा स्थानीयस्तरमा उठिरहेका गुनासो र वैशाख ७ गते प्राप्त ज्ञापनपत्रलाई ध्यानमा राख्दै कार्यपालिका बैठकको निर्णयअनुसार विज्ञप्ति जारी गरिएको जनाएको छ । विज्ञप्तिअनुसार तत्कालीन अवस्थामा अछामको मंगलसेन नगरपालिकामा कार्यरत तथा हाल लमही नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गेहेन्द्रबहादुर डाँगी लमही हुँदै घर जाँदै गर्दा सवारी साधनको लाइट बिग्रिएको थियो । सोही क्रममा मर्मत्का लागि लमही नगरपालिकाका ड्राइभर मधुसूदन केसीलाई बोलाइएको र उनले कार्यालयको गाडी लिएर सहयोग गर्न गएको उल्लेख गरिएको छ ।

मर्मत्पछि फर्किने क्रममा २०८२ जेठ ९ गते राति लमही-घोराही सडकखण्ड अन्तर्गत मुसोट चौपट्टा क्षेत्रमा उक्त गाडी दुर्घटनामा परेको नगरपालिकाले पुष्टि गरेको छ । दुर्घटनामा चालक केसीको खुट्टा भाँचिएको र अन्य व्यक्ति सामान्य घाइते भएको जनाइएको छ । दुर्घटनापछि गाडी घोराहीस्थित सिप्रदी मोटर्समा राखिएको भए पनि त्यसपछि कसरी र कसको अनुमतिमा नेपालगञ्जको अल ए टु जेड अटो वर्कसपमा पठाइयो भन्नेबारे कार्यपालिकालाई जानकारी नभएको विज्ञप्तिमा उल्लेख छ ।

नगरपालिकाले दुर्घटनापछि मर्मत् प्रक्रिया अघि बढाउने निर्णय मंसिर २५ गतेको कार्यपालिका बैठकबाट गरिएको जनाएको छ । तर उक्त विषय सार्वजनिक भएपछि अख्तियारमा उजुरी परेको र त्यसपछि अनुसन्धान प्रक्रिया अघि बढेको बताइएको छ । यसैबीच, मर्मत्कै क्रममा फागुन २४ गते राति नेपालगञ्जस्थित अल एटु जेड अटो वर्कसपमा विद्युत सर्ट भई आगलागी हुँदा उक्त गाडीसहित अन्य सवारी साधन र उपकरणहरू जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय बाँकेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

हाल उक्त घटनाबारे जिल्ला प्रहरी कार्यालय बाँकेले अनुसन्धान गरी प्रतिवेदन पेश गरिसकेको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट थप अनुसन्धान भइरहेको नगरपालिकाले जनाएको छ ।

क्षतिग्रस्त गाडीको बीमा दाबीका लागि सिद्धार्थ प्रिमियम इन्सोरेन्स लिमिटेड, घोराहीमा आवश्यक प्रक्रिया अघि बढाइसकिएको नगर प्रमुख जोगराज चौधरीले जानकारी दिनुभएको छ । यस घटनाको सत्यतथ्य सार्वजनिक गर्नुपर्ने माग राख्दै जेन-जेड युथ रिभोलुसन अफ देउखुरीका संयोजक प्रशान्त वसेलको नेतृत्वमा केही दिनयता हस्ताक्षर अभियान समेत सञ्चालन गरिएको थियो ।

# तुलसीपुरमा टिमुर घर सञ्चालनमा

**युगबोध समाचारदाता**

तुलसीपुर, ७ वैशाख । अर्ग्यानिक खाद्यान्नप्रति बढ्दो आकर्षणलाई मध्यनजर गर्दै दाङको तुलसीपुरमा ‘टिमुरघर’ सञ्चालनमा आएको छ । दुईजना चार्टर्ड एकाउन्टेन्ट (सीए) सहित तीनयुवाको पहलमा उक्त व्यवसाय शुरु गरिएको हो ।

चार्टर्ड एकाउन्टेन्ट घनश्याम सापकोटा, दीपेन्द्र न्यौपाने र युवा व्यवसायी रमेश पौडेलको संयुक्त लगानीमा ‘टिमुरघर’ सञ्चालनमा ल्याइएको हो । बजारमा स्वस्थ्यकर तथा अर्ग्यानिक खाद्य सामग्रीको माग बढिरहेको अवस्थालाई ध्यानमा राख्दै बजार अध्ययनपछि व्यवसाय शुरु गरिएको सञ्चालक न्यौपानेले जानकारी दिनुभयो । करिब २५ लाख रुपैयाँको लगानीमा स्थापना गरिएको टिमुरघरमा विभिन्न जिल्लाबाट संकलित अर्ग्यानिक खाद्यान्न उपलब्ध छन् । जुम्लाको प्रसिद्ध मार्सी चामल, सल्यानको टिमुर र बेसार, रुकुमको सिमी, अलैंची, तोरीको तेल, कोदो, फापर, सातु, अमलाको चानालगायतका सामग्री यहाँ पाइने बताइएको छ ।

सोमबारदेखि औपचारिकरुपमा सञ्चालनमा आएको टिमुरघरमार्फत पाँचजना महिलाले प्रत्यक्षरुपमा रोजगारीसमेत पाएका छन् । स्थानीय उत्पादनलाई प्राथमिकता दिदै स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने लक्ष्यका साथ व्यवसाय अघि बढाइएको सञ्चालकले बताएका छन् ।

# नि:शुल्क जलन उपचार शिविर हुने

**युगबोध समाचारदाता**

घोराही, ७ वैशाख । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले जलन उपचार शिविर गर्ने भएको छ । प्रतिष्ठानले नविल बैंक लिमिटेड र सुषमा कोइराला मेमोरियल ट्रष्ट/अस्पतालको समन्वयमा जिल्लामै पहिलोपटक जलन उपचार शिविर सञ्चालन गर्न लागेको हो ।

प्रतिष्ठानका निमित्त उपकुलपति तथा रजिष्ट्रार प्रा.डा. श्याम लम्सालले यही वैशाख २५ गतेदेखि २८ गतेसम्म शिविर हुन लागेको जानकारी दिनुभएको हो । ‘जलनका कारण जीवन रोकिदैन, उपचारले जीवनमा परिवर्तन ल्याउन सक्छ’ भन्ने मुल नाराका साथ हुन लागेको शिविरमा जलन उपचार सम्वन्धी नि:शुल्क अप्रेसनसमेत प्रतिष्ठानमा हुनेछ । उपचारमा कुनै पनि शुल्क नलाग्ने प्रतिष्ठानले जनाएको छ ।

आगोले पोलिएर शरीरको एक भाग, अर्को भागसँग जोडिएको समस्या भएका व्यक्तिहरुलाई नि:शुल्क परामर्श तथा उपचार गरिने निमित्त उपकुलपति लम्सालले बताउनुभयो । प्रतिष्ठानले यसै आव २०८२/०८३ देखि जलन उपचार सेवा शुरू गर्ने तयारी गरिरहेको अवस्थामा कीर्तिपुर जलन अस्पतालसँग प्राविधिक सहकार्यको लागि सम्झौता भइसकेको र सुषमा कोइराला ट्रष्टको जलन अस्पतालसँग समेत् सहकार्य गर्ने थप तयारी भइरहेको उहाँले बताउनुभयो । साथै प्रतिष्ठानले चालु आर्थिक वर्षमै कम्तिमा ४ वेडको जलन एकाई व्यवस्थापन गर्ने योजना पनि अघि सारेको छ ।

# बंगुरपालन तथा व्यवस्थापन अन्तर्क्रिया

❑ गोविन्द खड्का

घोराही, ७ वैशाख । दाङ जिल्लाका बंगुर पालक व्यवसायी सँग सोमवार घोराहीमा ‘बंगुरपालन तथा व्यवस्थापन’ अन्तर्क्रिया कार्यक्रम भएको छ । बंगुर व्यवसायी संघ नेपाल जिल्ला समिति दाङका अध्यक्ष तुलसीराम बुढाको अध्यक्षतामा अन्तर्क्रिया गरिएको हो ।

बंगुरलाई लाग्ने खोरेतलगायत विभिन्न रोग र त्यसबाट बचाउने उपायका बारेमा पशु चिकित्सकहरुले उपाय सिकाएका थिए । यसैगरी बंगुरलाई उचित दाना खुवाउन सुझाव दिए । दानाका आधारमा पनि बंगुरको विकास फरक हुने बताएका थिए । व्यवसायीले खोरेतले समस्या पारेको, बंगुरको मल गन्ध आएर खोर आसपासका बासिन्दा रिसाएको, अपर्झट बंगुरमा रोग आएर खोरै सखाप बनाएको, कतिपय बेला पाठाहरु उचित ढंगले नबढेको, दानाका प्रकारले पनि झुक्याएकोलगायत गुनासो गरेका थिए । बंगुरबाट उचित लाभ लिन नसकेको उनीहरुको भनाइ थियो ।

‘बंगुरको दिसा गन्हाउँछ भने सस्तो उपाय फिट्कीरी हो’ चिकित्सकहरुले जवाफमा भनेका थिए- ‘जहाँ गएर दिसा जम्मा हुन्छ नि त्यहाँ प्रत्येक १५ दिनमा फिट्कीरीको ढिका लगेर फाल्दिनुहोला ।’ उनीहरुले फिनायल हाल्नु भन्दा फिटकीरी सस्तो पर्ने बताए । गन्ध कम गर्न र सस्तो उपाय त्यो भन्दा अरु नभएको चिकित्सकले जवाफ दिए । उनीहरुका अनुसार गन्ध भएको ठाउँमा माखा आउँछ । गन्धै नआउने माखा नलाग्ने हुन्न । यसैगरी बुंगुरलाई सानैदेखि एकै ठाउँमा शौच गर्न बानी पार्न सकिने चिकित्सकहरुको भनाइ थियो । उनीहरुका अनुसार कतिपय ठाउँमा एकै ठाउँमा दिसा गर्ने बानी पारेका हुन्छन् । दानाको मूल्य हिसाव गर्नुभन्दा बंगुरको उत्पादन हिसाव गर्न आग्रह गरे । उनीहरुले दानाको मात्रै हिसाव गर्ने बंगुर कत्रा भए भन्ने हिसाव भएन । लागत खर्च घटाउन आग्रह गर्दै प्रतिस्पर्धाको बजारमा ठूलो नाफाका पछि नलाग्न सुझाव दिए ।

सो अवसरमा डा. सुमन भण्डारी, डा. रामचन्द्र जैसी, डा. सुरज डाँगीलगायतले किसानलाई जवाफ दिनुभएको थियो । नेपाल वेलहोप एग्रीटेक बाँकेको आयोजना र विजय एग्रो ट्रेडर्स घोराही-१४ को सहआयोजनामा अन्तर्क्रिया भएको थियो । कार्यक्रममा समन्वय ईश्वर न्यौपाने र मोहन केसीले गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन बंगुर व्यवसायी समिति दाङका सचिव कमल विश्वकर्माले गर्नुभएको थियो । कार्यक्रममा भित्ते पात्रो विमोचन गरिएको थियो ।

### बढ्दै....

प्लास्टिक टनेल (पोलिहाउस) भित्र खेती गर्दा भने जोखिम न्यूनीकरणमा सहयोग पुग्ने उहाँले सुझाव दिनुभयो । कृषि तथा पशुपालन क्षेत्र जलवायु परिवर्तनको प्रत्यक्ष असरमा पर्ने भएकाले यस्ता जोखिम न्यूनीकरणका लागि दीर्घकालीन योजना आवश्यक रहेको सरोकारवालाको भनाइ छ । विज्ञहरूले गर्मीको समयमा सिंचाई व्यवस्थापन सुधार, छायाँ तथा पानीको उचित व्यवस्था, पशु स्वास्थ्यमा ध्यान र जलवायु अनुकूल कृषि अभ्यास अपनाउन सुझाव दिएका छन् ।

**कसरी जोगिने ?**

प्राधिकरणले ‘लू’ बाट जोगिन दिउँसो सकेसम्म घरबाहिर ननिस्कन, प्रशस्त पानी तथा फलफूलको रस पिउन, अत्यधिक पसिना आएमा ‘जीवनजल’ सेवन गर्न सुझाव दिएको छ । बाहिर निस्कनै परे टाउको छोप्ने, छाता प्रयोग गर्ने, चिसो पानीले नुहाउने तथा खेतबारीमा बिहान वा बेलुका मात्र काम गर्न सल्लाह दिएको छ । यसका साथै मदिरा सेवन नगर्न, क्याफिनयुक्त पेय पदार्थ (चिया, कफी, सोडा) कम प्रयोग गर्न र चिनी बढी भएको झोल पदार्थ नपिउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आग्रह गरेको छ ।

**के हो लू ?**

अत्यधिक गर्मी वा तातो हावाको लहरका लागि पूर्वतयारी, पूर्वकार्य तथा शीघ्र प्रतिकार्य कार्ययोजनाका अनुसार अत्यधिक गर्मीका कारण सिर्जना हुने मौसमी अवस्थालाई तातो हावाको लहर (लु) भनिन्छ । नेपालको संघीय तथा प्रदेश विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा यसलाई ‘तातो हावाको लहर’ भनेर उल्लेख गरिएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार चैतदेखि भदौ महिनासम्मको अवधिमा तापक्रमका आधारमा तातो दिनहरू छुट्याइन्छन् । अधिकतम तापक्रम विगत ३० वर्षको ९० प्रतिशतभन्दा माथि पुगेमा त्यसलाई तातो दिन भनिन्छ । कार्यविधिमा भनिएको छ- ‘जब लगातार तीन वा बढी दिनसम्म तातो दिन रहन्छ भने हल्का तातो लहर, धेरै तातो दिनको अवस्था रहेमा मध्यम तातो लहर र अत्यधिक तातो दिन भइरहे अत्यधिक तातो लहरको रूपमा वर्गीकृत गरिन्छ ।’

# रास्वपाको महामन्त्रीमा शाह मनोनीत

काठमाडौं, ७ वैशाख (युस)- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को महामन्त्रीमा भूपदेव शाह मनोनीत हुनुभएको छ ।

रास्वपाको सोमबार बसेको केन्द्रीय समितिको बैठकले पार्टीको सचिवालय सदस्यमा सागर ढकाल र सरिता श्री ज्ञवालीलाई मनोनीत गरेको हो । त्यसैगरी, पार्टीको केन्द्रीय सल्लाहकार परिषद्मा जीवनप्रभा लामा, मोतीप्रसाद पङ्गाली, हरिप्रसाद पाण्डे र विष्णुहरि शर्मा नियुक्त हुनुभएको पार्टीका प्रवक्ता मनिष झाले जानकारी दिनुभयो ।

बैठकले संघीय नेतृत्व मञ्चमा तुलसीप्रसाद चौधरी, रामसिंह थारु, जीवन धामी, प्रेमा चौधरी, नवराज राणा र एकराज चौधरीलाई मनोनीत गरेको छ । बैठकमा सभापति रवि लामिछानेले प्रस्ताव गर्नुभएको उक्त प्रस्तावहरु केन्द्रीय समितिबाट अनुमोदन गरिएको हो । रास्वपाले विद्यमान लेवीको व्यवस्था परिमार्जन गर्दै सांसदको १५ हजार रुपैयाँ, मन्त्रीको १८ हजार रुपैयाँ र स्वकीयको दुई हजार रुपैयाँ कायम गरेको छ ।

### इन्धन....

मूल्यवृद्धिका कारण विपन्न वर्गको जीवनयापनमा थप कठिनाइ आएको बताउँदै तत्काल राहत दिनुपर्नेमा जोड दिनुभयो । प्रदेशसभा सदस्य मीनाकुमारी बोहोराले अर्थतन्त्र सुधारतर्फ सरकार गम्भीर हुनुपर्ने बताउनुभयो भने चन्द्रकेश गुप्ताले लुम्बिनी आउने तीर्थयात्रीलाई भगवान बुद्धको ज्ञानसँग जोड्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

त्यस्तै, मीनाकुमारी श्रेष्ठले बाँकेका दक्षिण क्षेत्रमा सिंचाई सुविधा विस्तारका लागि आयोजनालाई पुनर्जीवन दिनुपर्ने बताउनुभयो । लोकाकुमारी विश्वकर्माले रातो किताबमा विनियोजित बजेट कार्यान्वयनमा समस्या रहेको उल्लेख गर्नुभयो । प्रदेशसभा सदस्य विष्णुप्रसाद पन्थीले मेटा कम्पनीलाई कानुनी दायरामा ल्याई नेपालमा प्रचलित कानुनअनुसार राजश्व तिर्न बाध्य बनाउनुपर्ने धारणा राख्नुभयो । बैठकमा सामाजिक विकास समितिका सभापति यमबहादुर नेपाली सार्कीले दलित अधिकारसम्बन्धी विधेयकमाथिको समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो भने कृषि, वन तथा वातावरण समितिका सभापति विश्वप्रेम पाठकले समितिको वार्षिक प्रतिवेदन सभामा पेश गर्नुभयो ।

सभापति सार्कीले विभेद विरुद्ध कानुनी व्यवस्था, समान अवसरको सुनिश्चितता र पीडितमैत्री न्याय प्रणालीलाई आधार मानेर विधेयक तयार पारिएको बैठकमा प्रतिवेदनबारे जानकारी दिदै स्पष्ट पार्नुभयो । दलित समुदायको सर्वाङ्गीण विकासका लागि कानुनी आधार तयार पारिएको बताउनुभयो । यस्तै वातावरण समितिका सभापति पाठकले ऐन, कानुनहरुको कार्यान्वयनका लागि समितिले निर्देशन दिने काम गरेको जानकारी दिनुभयो । सातौं अधिवेशनको १४ औं बैठक मंगलबार दिउँसो १ बजे बस्नेछ ।

### कतै....

७ देखि ११ गतेसम्म भर्ना अभियान सञ्चालन तथा १४ गतेबाट पठनपाठन गर्नेगरी काम अगाडि बढाएको शिक्षा अधिकृत सुमन पाण्डेले जानकारी दिनुभयो ।

**सरकारको निर्णयअनुसार अगाडि बढ्दै**

केही पालिकाहरु भने संघीय सरकारको निर्णय बमोजिम नै अगाडि बढ्ने योजनामा छन् । दाङका दुई उपमहानगरमध्ये तुलसीपुरले आफ्नो निर्णय गरेर अगाडि बढ्दा घोराही उपमहानगरपालिका भने संघ सरकारकै निर्णयअनुसार अगाडि बढ्ने योजनामा छ । घोराही उपमहानगरपालिकाका नगर प्रमुख नरुलाल चौधरीले भन्नुभयो- ‘यसको असर वा प्रभावबारे संघीय सरकारले मूल्यांकन गररै यस्तो निर्णय गरेको होला । त्यसकारण हामीले अहिले कुनै पनि निर्णय गरेका छैनौं ।’ बबई गाउँपालिका र दंगीशरण गाउँपालिका पनि संघ सरकारकै निर्णयअनुसार अगाडि बढ्ने योजनामा छन् । कुनै पनि गुनासो नआएका कारण अर्को निर्णय गर्नुपर्ने अवस्था नदेखिएको बबई गाउँपालिकाका शिक्षा अधिकृत सरस्वती भण्डारीले बताउनुभयो । त्यस्तै दंगीशरणले भने यो समयमा घरदैलो र अभिलेखीकरणलाई अगाडि बढाएको छ भने ६० जना शिक्षकलाई तालिम दिन थालेको शिक्षा अधिकृत विनोदकुमार अधिकारीले बताउनुभयो ।

### विश्वविद्यालयमा....

छलफलमा उपकुलपतिहरूले जेनजी आन्दोलन र चुनावपछि विद्यार्थी राजनीतिक गतिविधि सुस्त भएको र त्यस्ता संगठन हटाउन पहल भइरहेको बताउनुभएको थियो । नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्राडा धनेश्वर नेपालले विद्यार्थीको राजनीतिक हस्तक्षेप, आक्रमण र तालाबन्दी हटाउनुपर्ने माग गर्नुभयो । उहाँले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशनअनुसार विद्यार्थी संगठन हटाउन खोज्दा उल्टै धम्की आएको गुनासो गर्नुभयो । प्रा डा नेपालले भन्नुभयो- ‘हामीले माथिको निर्देशन पालना गर्न खोज्दा विद्यार्थीले तालाबन्दी गर्ने, हामीलाई आक्रमण गर्ने जस्ता धम्की आएका छन्, यसबाट असुरक्षित महसुस भएको छ ।’

जवाफमा प्रधानमन्त्री शाहले कुनै पनि राजनीतिक विद्यार्थी र कर्मचारी संगठन खारेज गर्दा सुरक्षालगायत कुनै पनि समस्या आएमा तुरुन्तै सम्बन्धित मन्त्रालय वा आफ्नो सचिवालयमा खबर गर्न निर्देशन दिनुभयो । ‘विद्यार्थी संगठन खारेज गर्दा तपाईंहरूलाई सुरक्षा संयन्त्रलगायत जे आवश्यक छ त्यसमा सरकारको पूर्ण सहयोग हुनेछ । ढुक्क भएर आफ्नो जिम्मेवारी पूरा गर्नुहोला । प्रहरी प्रशासनले आफ्नो कर्तव्य पालना गर्नेछ’- उहाँले भन्नुभयो ।

यस्तै, परीक्षाको नतिजा एक महिनाभित्रै प्रकाशन गर्न निर्देशनसमेत दिनुभयो । उहाँले भन्नुभयो- ‘शैक्षिक क्यालेन्डरअनुसार पढाउनुपर्‍यो । एक दिन पनि दायाँबायाँ गर्नु भएन ।’ छलफलमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले ऐनले राजनीतिक दलसँग आवद्ध संगठन खारेज गर्न बाधा नपुर्‍याउने बताउनुभयो । उहाँले राजनीतिक संगठन खारेज गर्न निर्देशन दिइसकिएको र सोहीअनुसार काम गर्नुपर्नेमा जोड दिनुभयो ।

मन्त्री पोखरेलले विद्यालय तथा विश्वविद्यालयका ऐनमा ‘स्वतन्त्र विद्यार्थी युनियन’ को परिकल्पना गरिए पनि त्यसले दलगत विद्यार्थी भन्ने अर्थ मात्र लाउन नहुने धारणा राख्नुभयो । ‘मैले विभिन्न विश्वविद्यालयका ऐनहरू हेर्दा पनि यही व्यवस्था स्वतन्त्र विद्यार्थी युनियनको व्यवस्था छ, तर त्यो भनेको कुनै विशेष संगठन नभई विद्यार्थीहरूको आवाजको प्रतिनिधित्व गर्ने एउटा स्वतन्त्र संरचना हो । त्यसैले हामीले भनेको ‘भ्वाइस अफ स्टुडेन्ट’ पनि यही अवधारणाभित्र पर्छ । यस हिसाबले कुनै ऐनले बाधा पुर्‍याउँछ जस्तो लाग्दैन’- उहाँले भन्नुभयो- ‘हामीले तत्काल खारेज गर्न खोजेको राजनीतिक दलसँग आवद्ध विद्यार्थी संगठन हुन्, विद्यार्थीको आवाज बोल्ने स्वतन्त्र विद्यार्थी युनियनजस्ता संस्थालाई होइन ।’

छलफलमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा दीपक अर्यालले जेनजी आन्दोलन र निर्वाचनपछि विद्यार्थी तथा कर्मचारी संगठन निस्क्रिय बन्दै गएको बताउनुभयो । मध्यमपश्चिम विश्वविद्यालयका उपलकुपति प्राडा ध्रुवकुमार गौतमले पनि पछिल्लो समय आफ्नो विश्वविद्यालयमा विद्यार्थी र कर्मचारीका राजनीतिक गतिविधि सेलाउँदै गएको तर कतिपय आंगिक क्याम्पसमा विद्यार्थीको राजनीतिक तनाव कायमै रहेको बताउनुभयो ।

**अफिसलाई स्टाफ आवश्यकता**

योग्यता: SEE भन्दा माथि
काम: सामान डेलिभरी/बिक्री वितरण
उमेर: १८ वर्षदेखि ५० वर्षसम्म
तलव: 10 देखि 28 हजारसम्म
समय: 10 देखि 5 बजेसम्म (6 दिन)
स्थान: घोराही, लमही, तुलसीपुर, दाङ
सम्पर्क नं. :
9851167639, 9808618250
नोट : काम रहरले गर्ने हैन आवश्यकताले गर्ने हो र आफ्नो लागि गर्ने हो ।

**श्री गोगनपानी सामुदायिक वन उपभोक्ता समूह**

बंगलाचुली गा.पा.-८ हांसीपुर, दाङ

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !**

पहिलो पटक सूचना प्रकाशित मिति: २०८३/०१/०८ गते

श्री गोगनपानी सामुदायिक वन उपभोक्ता समूह, बंगलाचुली गा.पा.-८, हांसीपुर, दाङको वनबाट उत्पादन भई बंगलाचुली गा.पा.-८, तिनपोखरी, दाङको घाट्गद्दीमा लट बनाई राखिएको साल, असना, जामुनलगायत जातको गोलिया काठ थान १७८ को ११८१.४० घ.फि. तथा साल जातको ४.८ चट्टा र अन्य जातको दाउरा ३.० चट्टा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिन (२०८३/०१/२९ गते) भित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । विस्तृत व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

अध्यक्ष

**शिवम आरोग्य केन्द्र**

खुशीको खवर ! खुशीको खवर !! खुशीको खवर !!!

विगत २० सालदेखि सेवामा सञ्चालित यस शिवम आरोग्य केन्द्रमा अत्याधुनिक सेवा सुविधाका साथ प्रत्येक दिन डा. पि.एन. झाद्वारा बिरामी चेकजाँच भइरहेको सहर्ष जानकारी गराउँदछौं ।

**डा. पि.एन. झाद्वारा चेकजाँच हुने रोगहरू :**

❖ पुरुष र महिलामा हुने निसन्तानपन (बाँझोपन) को सफल उपचार र उचित परामर्श सेवा ।
❖ महिला पुरुषमा हुने विभिन्न प्रकारका यौन रोगहरु जस्तै सिफलिस, गनोरिया, हेपेटाईटिस, धातुरोग इत्यादिको सफल उपचार ।

**पुरुष:** यौन इच्छामा कमी, कडापनमा कमी, शीघ्र स्खलनको समस्या, स्वप्न दोष, उमेर अनुसार यौनाङ्गको विकास नहुनु तथा यौनाङ्गबाट पिप बग्नु आदि रोगको सफल उपचार ।

**महिला:** महिनावारीमा गड्वडी, तल्लो पेट दुख्ने, सेतोपानी बग्ने, चिलाउने, विविरा र घाउखटिरा आउने, यौन इच्छामा कमी, उमेर अनुसार यौनाङ्गको बृद्धि विकास नहुनु आदिको सफल उपचार ।

**छालाजन्य रोगहरू:** अनुहारको चायाँपोतो, डन्डिफोर, सेतोदुवी, एलर्जी, सिरोसिस, छालाको घाउखटिरा आदिको सफल उपचार ।

**अन्य रोगहरू:** जन्डिस, पत्थरी, पिसाब पोल्ने, ग्याँस्ट्रिक, गानोगोला, अल्सर, वाथरोग, नसा सम्बन्धी रोग, हातखुट्टा झमझमाउने, स्मरण शक्तिमा कमजोरी, निद्रा नलाग्ने, दिमागको बोदोपन, डर, भय, त्रास आदि रोगको सफल उपचार ।

❖ पाईल्स, फिसर, फिस्टुलाको मात्र औषधिबाट सफल उपचार ।

**अन्य सेवाहरू:** फार्मेसी सेवा, प्याथोलोजी (विर्य, रगत, दिसा, पिसाब, छाला चेकजाँच) सेवा

**बिरामी जाँच्ने समय** : बिहान ९ देखि साँझ ६ बजेसम्म

**स्थान** : घोराही तुलसीपुरचोक महरा पेट्रोल पम्पदेखि पश्चिमतिर, अप्सरा होटल जाने गल्लीमा

**सम्पर्क नं. ९८४४११८०१९, ९८०६२५१७९०**

**श्री जनकल्याण माध्यमिक विद्यालय**

बबई गाउँपालिका-५ पदमपुर, दाङ

**शिक्षक आवश्यकता**

बबई गाउँपालिकको पत्र संख्या २०८२।०८३ च.नं. १७३७ मिति २०८३।०१।०७ को पत्र तथा यस श्री जनकल्याण माध्यमिक विद्यालय पदमपुर दाङको मिति २०८३।०१।०७ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार तपसिलको पदमा योग्य एवं इच्छुक उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएको छ ।

**तपसिल**

**विज्ञापन नं.:** १०२/०८२/०८३ **पद:** शिक्षक **विषय:** गणित
**तह:** माध्यमिक **श्रेणी** : तृतीय **संख्या:** १ (एक) जना
**शैक्षिक योग्यता:** गणित वा भौतिक शास्त्र विषय लिई स्नातक तह उत्तीर्ण गरेको
**उमेर:** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**नियुक्तिको किसिम:** करार
**परीक्षाको प्रकार:** लिखित, अन्तर्वार्ता र कक्षा अवलोकन
**तलब स्केल:** बबई गा.पा. तथा वि.व्य.स.को निर्णय अनुसार
**आवश्यक कागजातहरु:** शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अध्यापन अनुमतिपत्रको प्रतिलिपी र हस्तलिखित निवेदन
**निवेदन दस्तुर:** रु.१,५००।- (रु. एक हजार पाँच सय) मात्र
**दरखास्त दिने अन्तिम मिति:** २०८३।०१।२१ गते दिनको ४: ०० बजेसम्म
**सम्पर्क नं.:** ९८६३३४६९६६, ९८५७८५५६६३
**कुमारी बैंक खाता नं.** १५२००९४६३१४००००४
**इमेल:** jksschoolp5@gmail.com

प्रधानाध्यापक

नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक: ऋषिराज पोखेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालय: घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरु: राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com